भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयद्वारा आर्थिक वर्ष २०७९।०८० को

तेस्रो त्रैमासिक अवधिसम्म सम्पन्न कार्यक्रमहरुको सम्बन्धमा गरिएको

# सार्वजनिक सुनुवाइ कार्यक्रमको

# प्रतिवेदन

# २०७९/०८०

**सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगानाः**

संयोजनः विक्रम परियार, सिस्ने गाउँपालिका – ५, रुकुम (पूर्व)

भूमे गाउँपालिका रुकुम (पूर्व) को आ.व. २०७९।०८० को तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई प्रतिवेदन

**१) सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगानाः** विक्रम परियार, सिस्ने गापा- ५, रुकुम (पूर्व)

२) सुनुवाई गरिएका विषयवस्तुहरुः

अ) नागरिक प्रतिवेदन

आ) नागरिक बहिर्गमन पत्र

इ) सामाजिक लेखापरीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाईमा फरक, कानूनी व्यवस्था र सुशासन प्रवर्द्धन

ई) अघिल्लो सार्वजनिक सुनुवाईमा गरिएका प्रतिवद्धताहरु

उ) सुशासन तथा सार्वजनिक सेवा प्रवाहको व्यवस्थापन

ऊ) भौतिक तथा वित्तीय प्रगति

ऋ) आन्तरिक आय तथा राजस्व बाँडफाँडको व्यवस्था

ऌ) उजुरी गुनासो फछ्र्यौटको व्यवस्था

ऍ) गाउँपालिकाका मुख्य मुख्य गतिविधिहरु (नीति, नियम, कार्यविधि) आदि

ऎ) न्यायिक समितिको उजुरीको अवस्था

ए) विद्यमान अवस्थाको समीक्षा आदि गा.पा. प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत गरियो ।

**३) कार्यक्रम आयोजना स्थलः** भूमे गाउँपालिका – ९, चुनबाङ

**४) कार्यक्रम आयोजना गरिएको मिति र समयः**

**सुरु गरिएको समयः** २०८० बैशाख १७ गते दिउँसो २:०० बजे

**समापन भएको समयः** २०८० बैशाख १७ गते दिउँसो ६:०० बजे

**५) कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/ मिनेटमा):** ४:०० घण्टा

भूमे गाउँपालिका रुकुम (पूर्व) को आ.व. २०७९।०८० को तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई प्रतिवेदन

## कार्यक्रम सञ्चालन रुपरेखा

कार्यक्रम सञ्चालन/सहजीकरणः पत्रकार श्री ~~ऊर्मिला गौतम~~ विक्रम परियार

१) अध्यक्षताः सहभागी सबै

२) आसन ग्रहणः

अ) भूमे गाउँपालिका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठ

आ) उपाध्यक्ष श्री सविना बुढा

इ) प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रसिंह श्रेष्ठ

ई) ९ नं. वडाध्यक्ष श्री विनोद बुढा

उ) सामाजिक विकास शाखा प्रमुख श्री उपेन्द्र यादव

ऊ) प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख श्री प्रेम प्रसाद भट्टराई

ऋ) शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख श्री कौशल कुमार तिवारी

ऌ) पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख श्री सन्तोष घर्ती

ऍ) सूचना प्रविधि अधिकृत श्री जनक वली

ऎ) प्रशासन इकाई प्रमुख चेतन बुढा मगर

ए) कृषि सेवा केन्द्र प्रमुख विशाल पुन मगर

ऐ) पशु सेवा केन्द्र प्रमुख श्री नारायण वली

ऑ) उपस्थित सबै सहभागीहरु (यथास्थानमा)

३) आचारसंहिता प्रतिवद्धता बाचन

४) सार्वजनिक सुनुवाईबारे जानकारी र नागरिक प्रतिवेदन बहिर्गमन अभिमत प्रतिवेदन (सेवा प्रवाह सन्तुष्टिको अवस्था बारे प्रश्नावली सर्वेक्षण प्रतिवेदन) पस्तुतिः प्र.प्र.अ. चन्द्रसिंह श्रेष्ठ

५) अघिल्लो सार्वजनिक सुनुवाइका क्रममा भएका प्रतिवद्धताहरुको प्रतिवेदन प्रस्तुति

६) तेस्रो त्रैमासिक अवधिसम्म सम्पादित कामहरुको प्रस्तुतिकरणः प्र.प्र.अ. चन्द्रसिंह श्रेष्ठ

७) सहभागीहरुबाट जिज्ञासा/गुनासो/प्रश्न/सुझाव संकलन

८) सुनुवाइका क्रममा उठेका सवालमाथि सम्बन्धित पदाधिकारीबाट जवाफ

९) थप प्रश्न वा प्रतिप्रश्नको समय

१०) थप प्रश्न/जिज्ञासाको जवाफ

११) कार्यक्रम समापनः अध्यक्षबाट ।

# सार्वजनिक सुनुवाइ कार्यक्रममा पालना गर्नुपर्ने आचार संहिता

१ सहभागीले बोल्नका लागि हात उठाएर सङ्केत गर्नुपर्नेछ।

२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ।

३ सहजकर्ताले बोल्ने सङ्केत गरेपछि मात्र आ©नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।

४ सेवाग्राही सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुँदागत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।

५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन जरुरी हुनेछैन।

६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।

७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।

८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन।

९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।

१० सुनुवाइलाई विषयान्तर हुनबाट सबै सहभागी सचेत हुनुपर्नेछ।

११ *प्रश्नहरु आर्थिक लेखाजोखामा केन्द्रित भन्दा पनि सेवा प्रवाहको गुणस्तरीयता र गुणस्तर वृद्धि सम्बन्धी केन्द्रित हुनु पर्नेछ।*

भूमे गाउँपालिका रुकुम (पूर्व) को आ.व. २०७९।०८० को तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई प्रतिवेदन

६) उठेका प्रश्न/जिज्ञासा र उत्तरः

मितिः २०८०।१।१७

| क्र.सं. | प्रश्नकर्ता/गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | निर्मल परियार रवि भूमे ९ | • नागरिक अभिमतमा प्रतिवेदनले सबै राम्रो मात्र देखायो । कतै बढाइ चढाई हो कि ? | जनक वली चन्द्रसिंह श्रेष्ठ | • सात दिन अगाडि देखि नै कोबोकलेक्ट एपमार्फत तथ्याङ्क संकलन गरिएको थियो।<br>• ११७ जवाफकर्तामध्ये १०१ जना (आशा ५० कमल ५१) चुनबाङका मात्रै हुनुहुन्छ । यो आफैमा एउटा सर्वे हो । |
| २. | शेर बहादुर डाँगी भूमे ९ | • युद्ध भएको यति धेरै भयो । सुनुवाई भएको खोइ ? बल्ल आज भयो ? गाउँपालिका आज आयो । यो सुनुवाईमा कुरा राखेको खोइ ?<br>• खोइ कुरा राखेको ? तल्ला जातिलाई केही | | |
| | | • विद्यालयमा पढाई राम्रो भएको छ ? शिक्षक कर्मचारी त छन् । | कौशल कुमार तिवारी | • विद्यालयमा पढाई भए नभएको विषयमा अभिभावक, जनप्रतिनिधि, वुद्धिजिवीबाट पनि निगरानी हुनुपर्छ। हामी पनि निगरानी गर्ने प्रतिवद्धता गर्दछौं । |
| ३. | लोक बहादुर डाँगी (भूमे ९ टोल नं ७) | • पालिकाबाट छनौट हुने योजना ५० हजारको हुन्छ । भुक्तानी गर्न पालिकामा जाँदा ६० हजार खर्च हुन्छ । | सन्तोष घर्ती चन्द्रसिंह श्रेष्ठ | • प्रत्येक योजनामा विविध खर्च समेत छुट्याइएको हुन्छ । खाजा खर्च, डोर हाजिरी, कापी कलममा सीमाभित्र रहेर खर्च गर्ने हो ।<br>• पहिलो कुरा त योजना छनौटमै समस्या छ। त्यसपछि कार्यान्वयनमा समस्या हुन्छ । |
| | | • चुनबाङको विकास बजेट घटाएर चुनबाङमा एउटा बस चलाइदिनुपर्छ। | चन्द्रसिंह श्रेष्ठ | |
| ४. | सिमलाल कामी भूमे ९ डाँडा गाउँ मदनस्मृति डाँडागाउँ विव्यस अध्यक्ष | • योजना कार्यान्वयन गर्दा गुणस्तर कायम गर्दा आँखा पुगेको छ कि छैन ?<br>• कतिपय अवस्थामा गुणस्तरहीन देखिन्छ। हाम्रो विद्यालयमा गुणस्तरहीन देखिन्छ ।<br>• प्रदेशबाट आएको रेलिङ पदमार्गमा पनि गुणस्तर छैन।<br>• खानेपानी पाइपको पनि गुणस्तर पुगेको | सन्तोष घर्ती होम प्रकाश श्रेष्ठ सविना बुढा चन्द्रसिंह श्रेष्ठ | • विस्तारै हुन्छ र भइरहेको पनि छ।<br>• उपभोक्ता समिति बनाउदा आसेपासेले मात्र लाभ पाउने अवस्थाको अन्त्य गर्न नै लाभग्राहीमार्फत निर्माण कार्य सम्बन्धी कार्यविधि बनाएको हों। र कार्यविधि बमोजिम उपभोक्ता बीच प्रतिस्पर्धा |

| | | | | |
|---|---|---|---|---|
| | | छैन ।<br>• सेवा प्रवाहको सन्दर्भमा चुनबाङमा जन्मदर्ताको विषयमा धेरै समस्या देखिन्छ । बाबुको नाम एउटा छ। जन्मदर्तामा बोलाउने नाम छ। त्यसले सेवामा दुःख भएको छ।<br>• ९ नं वडामा हुने सेवामा पूर्ण रुपमा गुणस्तर छैन । छिटोछरिटो गरिदिनु पर्‍यो । | | बनाइएको हो।<br>• सेवा प्रवाहलाई थप नागरिकमैत्रि र शुसासनमैत्रि बनाउनका लागि छलफल गरिनेछ । |
| ५. | भिम बहादुर नेपाली भूमे ९ (पूर्व जनप्रतिनिधि | • जनताबाट गुनासो के छ भने वडा सचिवबाट काम गर्दा आनीकानी गरिदिने, दुःख दिने, पटक पटक आउनुपर्ने, कागज पुगेन भनिदिने तर समाधान नदिने समस्या छ । काम परेको बेला कुर्सीबाट उठेर निस्कने<br>• जन्म दर्ता गर्नेलाई मृत्यु दर्ता र मृत्यु दर्तालाई जन्म दर्ता गरिदिएको भन्ने पनि सुनिन्छ। | चन्द्रसिंह श्रेष्ठ<br>लोकेन्द्र वली | •<br>• जन्मदर्ता गर्दा मृत्युदर्ता भएको छ बिग्रेको छ भने वडामा ल्याउनुपर्‍यो । सच्याइहालौं । |
| ६. | मोहन कुमार बुढा (नेरामावि विव्यस अध्यक्ष) | • विकासको क्रममा सुनको मूल्य राखेर चाँदीको लेपन राखेर काम गर्ने काम भइरहेको छ । गुणस्तरलाई अनुगमन गरिदिनु पर्छ ।<br>• इन्टरनेट र प्रविधिका कारणले सेवा प्रवाहमा समयमा सेवा नपाइएको अवस्था छ । प्रविधि सम्बन्धी शिक्षाको पनि अभाव छ।<br>• निर्माण कार्यमा गुणस्तरको पाटो छ।<br>• नमूना विद्यालयको ७२ लाख के कारणले फ्रिज भयो ? काम भएको २४ लाखजति रकम कसरी म्यानेज गर्ने ? | चन्द्रसिंह श्रेष्ठ<br>सन्तोष घर्ती<br>जनक वली | • गुणस्तरको सवालमा ISO Certified छ भने ठीक छ भनेर प्रयोग गर्नुपर्ने हुन्छ । ढुङ्गा गिट्टी बालुवाको विषयमा बहुवर्षीय आयोजनाको सवालमा ल्याब टेस्ट गरिएको हुन्छ । कमजोरी देखियो भने सुधार्ने, निगरानी गर्ने जिम्मेवारी सबैको हो । जानकारी हुनुपर्छ ।<br>• अरु वडामा एउटा मात्र इन्टरनेट छ तर चुनबाङमा दुइवटा इन्टरनेट छ ।<br>• इन्टरनेटमा समस्या देखिएमा तुरुन्तै सम्बन्धित सेवा प्रदायकलाई फोन गर्न पनि अनुरोध छ । |
| ७. | अनन्ते सुनार (११ नं टोल) | • वडा कार्यालयले दिने सेवामा अलि ढिलासुस्ती भएको छ । घटना दर्ता गर्दा किन ढिला हुन्छ ?<br>• अस्पताल निर्मामणका क्रममा गुणस्तरहीन बालुवा परेको देखिन्छ। यसलाई तुरुन्तै रोक्नैपर्छ । | लोकेन्द्र वली (वडा सचिव)<br>होम प्रकाश श्रेष्ठ<br>सविना बुढा<br>चन्द्रसिंह श्रेष्ठ | • घटना दर्ता संशोधन एक वर्षभित्र मात्र हुने व्यवस्था कानूनमा भएकाले समस्या भएको छ ।<br>• कसैले २० वर्ष पहिलेको घटना दर्ता गर्न आउँछ। |

| | | | | |
|---|---|---|---|---|
| | | • आवि डाँडागाउँको झ्यालढोका गुणस्तर छैन । सिंढी पनि पनि गुणस्तरको छैन । | | त्यसका लागि सर्जमिन गर्नुपर्ने हुँदा कहिलेकाहीं ढिला हुन सक्छ । |
| ८. | लाल बहादुर रोका | • सेवा प्रवाह प्रतिवेदनमा प्रत्येक टोल गाउँमा गएर सोधेको हो कि गाउँपालिकामा सोधासोध गरेर राखेको हो ?<br>• प्रदेश खानेपानीको अध्यक्ष भएकाले बाहुनकाटिना लिफ्ट खानेपानी क्रमागत हुन थालेको वर्षौं भयो । सम्पन्न भएन।<br>• प्रदेशबाट बञ्चरे सिमचौर बाहुनकटिना सडक अहिलेसम्म अलपत्र छ । अगाडि बढेको पनि छैन। स्तरोन्नतिमै सकिने भन्ने सुनिन्छ।<br>• बाहुनकाटिनाको बालशिक्षा सामान आउने भन्ने त सुनिन्छ । कहिले निर्णय हुने हो ? | कौशल कुमार तिवारी | • ११७ मध्य १०१ जना चुनबाङका बासिन्दालाई सोधेर नै सर्वे गरिएको हो । प्रतिवेदन अटो<br>• आवश्यक बालशिक्षा माग संकलन भइ अब निर्णय प्रक्रियामा छ । अबको गाउँ कार्यपालिकामा त्यो प्रस्ताव पेश हुन्छ । |
| ९. | दिपक पुन<br>भूमे ९<br>सिमचौर | • सेलेक्टेडबाट र इलेक्टेडबाट हुने सेवा प्रवाहको सन्दर्भमा कसले के दिने भन्ने स्पष्ट<br>• इलेक्टेडहरु बीचको द्वन्द्वका कारणले सेवा प्रवाहमा अस्पष्ट छ।<br>• सेलेक्टेडमा पनि आफ्नो जिम्मेवारी निर्वाहमा अलि दम्भ पनि देखिन्छ।<br>• स्वास्थ्यमा सेवा लिन जाँदा पनि कतिपय अवस्थामा खुम्चिनुपर्ने अवस्था हुन्छ।<br>• सेवा प्रवाहको तथ्याङ्क कहाँ सोधिएको हो ? | सबिना बुढा<br>चन्द्रसिंह श्रेष्ठ<br>उपेन्द्र यादव | • सेलेक्टेड र इलेक्टेड बीचको द्वन्द्व भन्दा पनि कामको चाप, छोटो समयमा धेरै काम गर्नुपर्ने भएकाले अनुगमन योजना गर्न नसकिएको हो।<br>• स्वास्थ्य सेवा निर्धक्क लिने हो। कतै समस्या छ भने लिखित सूचना पठाइदिनुस् हामी कारबाही गर्छौं ।<br>• सेवा प्रवाह सर्वेक्षणमा १७१ जना मध्ये १०१ जना चुनबाङमै सोधिएको थियो। |
| १०. | सर्वजित परियार<br>१७ नं टोल अध्यक्ष | • पालिकामा जाँदा पालिकामा कर्मचारीको गल्ती छैन तर बैंकमा समस्या छ। | चन्द्रसिंह श्रेष्ठ | • बैंकमा पनि इन्टरनेट, विद्युत, स्टाफ अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन। त्यसमा पनि समय घटाउन हामीले अधिकतम् कामहरु eft बाट गर्छौं । |
| ११. | तुल बहादुर खड्का<br>प्रअ आवि<br>सिमचौर | • हाम्रो विद्यालयमा गत वर्ष जेठमा छात्राहरु बेहोस हुने समस्या देखियो । सबैबाट केही गर्छौं त भन्नुभयो तर केही भएन । अहिले पनि गर्मी याममा त्यस्तै समस्या देखियो भने के गर्ने ? | उपेन्द्र यादव | • बेहोस् हुने समस्या मनो सामाजिक परामर्शमा भएको समस्या हो । अभिभावक, शिक्षक र साथीहरुबाट तनाव हुनाले भन्न नसकेर |

| | | | | |
|---|---|---|---|---|
| | | गत वर्ष धेरै दुःख पाइयो। अहिले पनि यस्तो समस्या आउन सक्छ। त्यसो भएमा त्यसका लागि तयारी के हुन सक्छ ?<br>• विद्यालय नयाँ ठाउँमा सार्ने काम हुन थालेको छ। अहिले कोठाको अभावमा सँगसँगै राखेर पढाउनुपर्ने छ। नयाँ विद्यालय निर्माण ८ कोठे त बन्दैछ तर माथिल्लो पनि बन्छ कि ? | | त्यस्तो समस्या देखिन्छ ।<br>• तनाव न्यूनिकरण र तनाव व्यवस्थापनका कार्यक्रमहरु हुनुपर्छ । |
| १२. | नैनसिङ | • चुनबाङ भेरीडाँडा सडकमा प्रत्येक वर्ष बजेट आउँछ तर अगाडि बढ्दैन। त्यही एक किमिमा मात्र किन मलाइरहने ? | | • |
| १३. | अमर घर्ती ५ नं टोल | • च्याङचुङदेखि छहराखोला लाबाङ जोड्ने सडक तीन पटक नापी भयो। रातो किताबमा पनि परेको सुनिन्छ। त्यो कहाँ छ हामीले पनि हेर्न पाउनुपर्छ । | | • उतापट्टी वस्ती नछोएकाले उताबाट भएको हो। वस्ती छुनका लागि योजना थप भएको हो । |
| १४. | चेताराम नेपाली डाँडागाउँ आवि प्रअ | • विद्यालय भवन कम मेहनतबाट बजेट आएको होइन । काम पनि भयो । तर फाउण्डेसनमा समस्या आउन पनि थालेको थियो । झक्झक्याउँदा झगडा पनि पर्‍यो । पछि राम्रो भयो। काममा किन त्यस्तो भयो ? काठमा बाँगो छ । औखरको काठ प्रयोग भएको छ । वाल र पिलर राम्रो छ । काठमा सुधार नहुने हो भने पक्कै समस्या आउँछ । अढाइ तला निर्माणका लागि बजेट पनि विनियोजन भएको छ भन्ने सुनिन्छ । त्यसमा | होम प्रकाश श्रेष्ठ<br>सविना बुढा<br>चन्द्रसिंह श्रेष्ठ<br>सन्तोष | • पहाडको सन्दर्भमा स्थानीय कडा काठ प्रयोग गर्न पाउने भन्ने नर्म्स हुन्छ। स्थानीय कडा काठको प्रयोग गर्दा |
| १५. | कमल रोका छहराखोला | • खानेपानीको विषयमा योजना छनौट गर्दा ५ वर्षसम्म छलफल लेख्दा पनि योजना आएन । छहराखोलामा बजेट विनियोजन किन भएन ? कहाँ हो माग्ने ?<br>• सडकको पनि पहल गरिदिनु हुन अनुरोध छ । | होम प्रकाश श्रेष्ठ<br>सविना बुढा<br>चन्द्रसिंह श्रेष्ठ | • |
| १६. | लक्ष्मण केसी निर्माण व्यवसायी | • २०७९ जेठ २९ मा निर्माण सम्झौता भएको चुनबाङ नमूना विद्यालय पहिलो चरण २०७९ कात्तिकमा सम्पन्न भए पनि रकम फ्रिज हुँदा मैले पटक पटक धाउँदा पनि भुक्तानी पाएको छैन । | होम प्रकाश श्रेष्ठ<br>सविना बुढा<br>चन्द्रसिंह श्रेष्ठ | • |
| १७. | मै बहादुर विक | • अपाङ्ग सम्बन्धी समस्याः चैत्रमा अपाङ्ग | होम प्रकाश श्रेष्ठ | • अपाङ्ग सञ्जाल |

| | | | | |
|---|---|---|---|---|
| | डाँडागाउँ | सञ्जाल गठन गर्ने कुरा थियो तर किन भएन ?<br>• अपाङ्गको लक्षित बजेट कार्यान्वयनमा विभिन्न समस्या देखिएको छ । के कसरी कार्यान्वयन गर्ने ? कार्यान्वयनको मोडल के हो ?<br>• यातायातमा भाडा दरको विषयमा छुट सहुलियत हुन सकेन । यसका लागि गाउँपालिकाको भूमिका के हुने ? | सविना बुढा<br>चन्द्रसिंह श्रेष्ठ | |
| १८. | झुपु नेपाली | • वृद्ध आमाबुवाहरुको पहिला भत्ता निकाल्नका लागि चक्र मिल्यो अहिले चक्र मिलेन । पैसा निकाल्दा औंठा छाप नमिल्दा भुक्तानीमा समस्या देखिएको छ।<br>• थोरै पैसा हुन्छ । पालिकामा जाने हो भने त पाएको पैसाले पनि पुग्दैन<br>• आमाको जन्मदर्ता भएको, बाबुको नागरिकता भएको बाबुको नामबाट जन्मदर्ता बन्छ कि बन्दैन ?<br>• गोर्जले जोड्ने सडक धेरै पटक गीत गाइयो तर अहिले सम्म पुगेन । | होम प्रकाश श्रेष्ठ<br>सविना बुढा<br>चन्द्रसिंह श्रेष्ठ<br>विनोद पुन | • बैंकमा चेक लिएपछि चक्र नमिले पनि वडाबाट सिफारिस भएपछि भुक्तानी हुन्छ।<br>• आमाको नागरिकता नभएमा पनि जन्मदर्ता हुन्छ ।<br>• गोर्जले कुर्ताङ सडक योजना बैंकमा समावेश छ तर ठाउँ भिरालो छ। प्राविधिकले ठीक छ भने बजेट हालिन्छ नत्र हालिँदैन। |
| १९. | कामी पुन (कुल प्रसाद) आवि सिमचौर शिअ संघ अध्यक्ष | • विद्यालय सार्ने भनेर काम त भइरहेको छ । जग्गा खरिदको काम पनि भएकाले वाल लगाउने योजना पनि आवश्यक छ । तला थप पनि गर्नुपर्ने छ ।<br>• चुनबाङ गर्पा सडक प्रदेशबाट ठूलो रकम परे पनि विकास पुगेन । एक किमि पनि खनिएन । यति बजेटले यति मात्र काम गऱ्यो भनेर बाँकी कता खाए । पछि बजेट सानो हुन थाल्यो । अब त्यो रोड ओझेलमा पर्न थालेको छ। पश्चिमबाट धुरीमा आइपुग्दा पनि भूमेको साइडबाट किन ढिला भयो ? प्रदेशमा समन्वय गर्नुपऱ्यो ।<br>• चुनबाङ आउने सडक, बाटोमा पुलपुलेसा राखे सहज बनाउनुपऱ्यो। यसमा चासो हुनुपर्छ ।<br>• रुकुमकोट जाने सडक पनि जोडिन सकेको छैन । प्रधानमन्त्री रोजगार कार्यक्रम असार मसान्तभित्र सक्नैपर्ने भएकाले कतै धेरै कामदार हुने, कतै | होम प्रकाश श्रेष्ठ<br>सविना बुढा<br>चन्द्रसिंह श्रेष्ठ | • विस्तारै हुन्छ र भइरहेको पनि छ।<br>• उपभोक्ता समिति बनाउदा आसेपासेले मात्र लाभ पाउने अवस्थाको अन्त्य गर्न नै लाभग्राहीमार्फत निर्माण कार्य सम्बन्धी कार्यविधि बनाएको हो। र कार्यविधि बमोजिम उपभोक्ता बीच प्रतिस्पर्धा बनाइएको हो। |

| | | | | |
|---|---|---|---|---|
| | | कामै नगर्ने हुन्छ । यो पैसालाई गाउँपालिकाले राखेर साउन भदौमा सडक मर्मत गरे हुन्न ? | | |
| २०. | दिनेश पुन मगर | • उपभोक्ता समितिले गरेको कामहरुमा गाउँपालिकाहरुबाट सम्पन्न भएको कति दिनपछि अनुगमन हुन्छ ?<br>• भूमे गाउँपापलिकामा उपभोक्ता समितिले गर्ने काममा पनि उपभोक्ता समितिबीच ठेक्का हुन्छ / *कागजपत्र प्रतिवेदन तयार गर्न सबैले सक्दैन ।*<br>• पेढीधर्मशालाको सिढी उहिलेदेखिको माग अहिले सम्म सुनुवाइ भएन । | होम प्रकाश श्रेष्ठ<br>सविना बुढा<br>चन्द्रसिंह श्रेष्ठ<br>सन्तोष घर्ती | • उपभोक्ता समितिले काम सम्पन्न भएको जानकारी प्रास हुँदासाथ अनुगमन योजना बमोजिम शीघ्र अनुगमन हुन्छ ।<br>• अनुगमनको पाटो कमजोर हुँदा नै हामीले सास्ती बेहोर्नेपरेको छ। अनुगमन अझ बढी प्रभावकारी बनाउने दवाब बढेको छ। |
| २१. | लिल बहादुर पुन<br><br>सुझाव | • हाम्रो स्वास्थ्य चौकीमा रेबिज विरुद्धको भ्याक्सिन छैन । बागमारामा पुग्नुपर्ने बाध्यता छ । आगामी दिनमा त्यसलाई सहज बनाउन के गर्न सकिन्छ ?<br>• भौतिक योजनाको अनुगमन त हुन्छ नै । लक्षिततर्फको योजना कार्यक्रम, तालिममा अनुगमन त्यो रुपमा छैन कि ? त्यसको प्रभावकारिताबारे अध्ययन भएको छैन । तालिमले कस्तो प्रभाव पार्यो भन्ने विषयमा अनुगमन हुन जरुरी छ । | होम प्रकाश श्रेष्ठ<br>सविना बुढा<br>चन्द्रसिंह श्रेष्ठ | • रेबिज खोप डक्टरको प्रिस्क्रिप्सन हुनुपर्ने भएकाले डाक्टरको अभावमा राख्न नसकिएको हो ।<br>गाउँपालिकाले ३ वर्ष अगाडि खोप खरिद कार्य अगाडि बढाइएकोमा प्रदेशबाट नगर्न सुझाव आएपछि पछि हटेका हौं ।<br>• घरपालुवा पशुको हकमा पशु सेवा केन्द्रबाट रेबिज खोप लगाउनुपर्छ । |
| २२. | नाम नभनेको | • ११ जना भारतबाट मजदुरहरुले दिएको सुझावः काठमा लेखेर राखेको हुन्छ । त्यो लेभलभन्दा तलमाथि गर्न नपाउनुपर्नेमा त्यसको तलमाथि हुन्छ।<br>• सिमखोलामाथिको मोडमा सासुलाई ढोग गरेको जस्तो अनुभव भयो ।<br>• बाक्लो रुखमा माटोले टोपेर ठेकेदारले खाने चलन रोक्न पालिकाले अलि चासो दिनुपऱ्यो ।<br>• दुइवटै बाटो जोडियो तर नाम भयो काम भएन । वर्षा लागेपछि गाउँपालिका जान थबाङबाट घुम्नुपर्ने भयो। | होम प्रकाश श्रेष्ठ<br>सविना बुढा<br>चन्द्रसिंह श्रेष्ठ<br>सन्तोष घर्ती | • काम सकिएपछि यस्तो भयो भन्दा पनि काम हुँदै गर्दा यसो भएन भनेर जानकारी गराउनुपर्ने हुन्छ । |
| २३. | प्रेम बहादुर बुढा ९ नं टोल | • परार साल रोजगारको काममा १०० दिन काम गरेको भुक्तानी लिन जाँदा १० दिन ढिला भयो । दुःख पाइयो ।<br>• यहाँबाट जान्छ बैंकमा अड्किन्छ । | चन्द्रसिंह श्रेष्ठ<br>होम प्रकाश श्रेष्ठ<br>सविना बुढा<br>चन्द्रसिंह श्रेष्ठ | • रोजगार कार्यक्रमको आयोजना छनौट र कार्यान्वयनमा स्थानीयको अपनत्व नभएको अवस्था छ |

| | | | | |
|---|---|---|---|---|
| | | १० दिन हावा खानुपर्छ । हामीले वडा कार्यालयमै पाए हुन्थ्यो ।<br>• टेण्डरबाट गर्ने काम बेकारको सिस्टम हो । सबै भ्रष्टाचारमा जान्छ । टेण्डरबाट १० लाखलाई घटेर ५ लाखमा घट्छ ।<br>• टेण्डरबाट काम गर्ने प्रणाली हटाउनुपर्छ ।<br>• नेपालमा कर्मचारीतन्त्र छ । कर्मचारीतन्त्रले समाजमा केही दुख थपिदिएको छ । | सन्तोष घर्ती | । भुक्तानी बेला बैंकिङ पहुँच नभएको ठाउँमा केही समस्या देखिएका हुन् । एकैपटक सबै समस्याको समाधान हुन्न। विस्तारै हुन्छ र भइरहेको पनि छ।<br>• उपभोक्ता समिति बनाउदा आसेपासेले मात्र लाभ पाउने अवस्थाको अन्त्य गर्न नै लाभग्राहीमार्फत निर्माण कार्य सम्बन्धी कार्यविधि बनाएको हो। र कार्यविधि बमोजिम उपभोक्ता बीच प्रतिस्पर्धा बनाइएको हो।<br>• टेण्डरमा घटाघट भए पनि काम पूरै परिमाणको काम गर्नुपर्छ । घटेको पैसा सरकारसँगै हुन्छ र त्यसबाट नयाँ योजना बन्छ। |
| २४. | कमानसिंह डाँगी<br>राजनीतिक दल | • शासन आयो सुशासन आउन, गणतन्त्र आउन सकेको छैन।<br>• किसानहरुलाई उन्नत जातको बीऊ मकैको लागि ५ किलो भन्दा कम माग्न नपाइने भनियो । सरकारले किसानलाई त दियो तर अनुगमन भएन ।<br>• टनेल किन कृषि क्षेत्रबाट बजार क्षेत्रमा आयो ? यो त उपयोग भएन।<br>• वृद्धाहरुका लागि हप्ता/महिनामा टोल टोलमा शिविर राखेर सञ्चो बिसञ्चो सोधे मात्र धेरै हुन्थ्यो ।<br>• एक घर एक धारा खानेपानी के भयो ? गुणस्तरको भयो कि भएन ?<br>• स्वास्थ्यमा सिटामोल बाहेक अरु केही पाईंदैन ।<br>• कोरोनाको चौथों डोज कहिले आउँछ ?<br>• फलाम बिझेकालाई टिटी खोप छ कि छैन ?<br>• शिक्षा निःशुल्क कहिले हुने हो ? हाम्रो विद्यालयमा अभिभावक सहयोग लिइन्छ ।<br>• हामीले बनाएका संरचनाको गुणस्तर | होम प्रकाश श्रेष्ठ<br>विशाल पुन<br>सविना बुढा<br>चन्द्रसिंह श्रेष्ठ<br>विशाल पुन<br>कौशल कुमार तिवारी | • सुशासन<br>• मकैको बीउ लिन इच्छुक कृषकका लागि सूचना आव्हान गरिएको थियो र वडाबाट पनि सहजीकरण हुन्छ। सूचनामा प्रष्ट छ राम्ररी नहेरे जस्तो लाग्यो।<br>• कुनै संस्थाले दिएको टनेल रहेछ। जलवायु परिवर्तनले दिएको हो। बसन्तले टमाटर<br>• गाउँघर स्वास्थ्य क्लिनिकमार्फत घर घरमा पुगेर सेवा दिन्छ । आगामी दिनमा यसलाई टोलसम्मै पुग्ने प्रतिवद्धता गर्दछौं।<br>• पानीको गुणस्तर जाँचका लागि वर्षमा ३ पटक जाँच गर्नुपर्छ । आफ्नो पानीको नमूना गाउँपालिकामा पठाइदिनु भएमा जाँच गरेर रिपोर्ट पढाइदिन्छौं ।<br>• स्वास्थ्यमा निःशुल्क |

| | | | | |
|---|---|---|---|---|
| | | हेर्ने जिम्मा कसको हो ? आज थबाङबाट किन घुमेर आउनुपर्ने भयो ?<br>• | | औषधीको सूची छ । कसैले दिएन भने कारबाही हुन्छ ।<br>• खोप मस्वासे मार्फत लगाउने गरी माग गरी पठाइएको छ । सूचना हुन्छ।<br>• स्वास्थ्य संस्थामा गएपछि टिटी खोप पाइन्छ ।<br>• विद्यालय सञ्चालन र अनुगमनको सन्दर्भमा सबैभन्दा बढी अनुगमन र निगरानी गर्ने भनेको शिअ संघ र विव्यस संघ हुन् । शिक्षा निःशुल्क हो । कुनै पनि बहानामा विद्यार्थीबाट शुल्क लिन पाउँदैन । त्यसो भएमा जानकारी पाएमा हामी कारबाही प्रक्रिया अगाडि बढाउँछौं । |
| २५. | पहल बहादुर बुढा | • वडामा नेट चलेन भनेर धेरै मान्छेले दुःख पाएका छन् । सेवा लिन आउँदा असुविधा नहोस् | लोकेन्द्र वली | • भौगोलिक असुविधाका कारण इन्टरनेट चल्दैन । आवश्यक पर्ने कागजात सेवाग्राहीले नलिँदा सेवा पनि ढिला हुन्छ ।<br>• नागरिक वडापत्र बमोजिम आवश्यक कागजातहरु लिएर आएमा कुनै पनि समस्या हुँदैन। |
| २६. | लिखित | • पशुपन्छीलाई दिइने खोप सिमचौरमा उपलब्ध भएन । | नारायण ओली | • आजभोलि लम्कीस्किन रोग भाइरस पनि फैलिएको छ । त्यसको खोप आएको छैन । पीपीआर खोप प्रदेशबाट आएको छ । कमल सरले कति लगाउनुभयो ? कति अपुग छ हामी पठाइदिन्छौं। |
| २७. | लिखित | • धर्मशालाको प्रअ ६ महिनादेखि सम्पर्कमा हुनुहुन्न । विदाइ हुनुभयो कि के भयो ? | कौशलकुमार तिवारी | • चैतेछहरा पेदीधर्मशालाका निमित्त प्रअ नभएको भन्ने जानकारी प्राप्त भएपछि शिक्षा शाखाले एकजनालाई जाँचबुझका लागि प्रतिवेदन खटाइएकोमा प्रतिवेदन पनि प्राप्त भएको छ । शाखाबाट |

| | | | | |
|---|---|---|---|---|
| | | | | राय पनि प्रमुख प्रशासकीय अधिकृतज्यू समक्ष पेश भएको छ। |
| २८. | लिखित | • प्रदेशका योजनाहरु किन समयमा सम्पन्न हुन्नन् ? | विनोद बुढा | • चुनबाङमा प्रदेश संघबाट योजना बजेट अरुभन्दा बढी आएकै छ। जति आए पनि चुनबाङेलाई कहिल्यै पुग्दैन। |
| २९. | लिखित | • चुनबाङ रुकुमकोट सडक थोरै स्तरोन्नति गरेमा सडक चल्छ । त्यो किन नगरेको ? | विनोद बुढा | • यातायातका साधन व्यवसाय केन्द्रित हुन्छन त्यसकारण धेरै मानव सुचकांकको बिकास भएमा यो कुराको सम्भव छ । |
| ३०. | लिखित | • रेडियो पूर्वी रुकुम चुनबाङको सबै क्षेत्रमा सुनिन्न । | होम प्रकाश श्रेष्ठ | • रेडियोको थप गुणस्तर र पहँच बृद्धि गर्नका लागि रेडियो संचालक समितिसंग छलफल गरिनेछ। |

मन्तव्यमा समावेश भएका भाव र प्रतिवद्धताहरु

उपाध्यक्ष श्री सविना बुढा

अनुगमन तथा मूल्याङ्कनको पाटोलाई आगामी दिनमा अझ बढी योजनावद्ध रुपमा प्रभावकारी बनाइनेछ । अनुगमण गर्दा प्राविधिक र बिषयगत शाखाका कर्मचारीहरुको खाँचो पर्ने भएकाले म आफै सबै क्षेत्रमा बिज्ञता हासिल नगरेकोले र प्राविधिक बिषयमा पनी सबै जानकारी नभएको हुँदा अनुगमण सोचेको जस्तो हुदैन । कहिल्यै कर्मचारीको कार्यव्यस्तताका कारणले पनी समय व्यवस्थापन हुँन नसकेको हो । विकास निर्माण, मानव संसाधन र सुशासन जस्ता तमाम सवालहरुलाई आत्मसाथ गर्दै भूमे सरकार अगाडि बढिरहेको छ।

अध्यक्ष श्री होम प्रकाश श्रेष्ठ

आजको कार्यक्रम ४ घण्टाको हुने भनिए पनि ५ घण्टाको भयो । उपस्थिति र झक्झक्याउनका लागि यहाँहरुको सवाल र चासोका लागि धन्यवाद दिन चाहन्छु । सबै कुरा विषयगत शाखाबाट स्पष्ट भइसकेका छन् । मैले तीन वटा कुरा मात्र गर्छु । सबभन्दा पहिला सडकको कुरा । हरेक योजना छनौट तथा कार्यान्वयनमा पनि प्राथमिकीकरण गर्नुपर्ने हुन्छ । सडकको सन्दर्भमा नजोडिएका वस्तीहरुलाई जोड्ने प्राथमिकता योजना हाम्रो योजना बैंकमा राखिसकेका छौं । हाम्रो हकमा पालिका केन्द्रसम्म मुख्य हो । सडक पनि हामी जोड दिन्छौं । कहाँ के पहल गर्नुपर्ने हो अफिसियल्ली गर्छौं । नपुगेको जनतासँग पनि अनुरोध गर्छौं ।

दोस्रो कुरा विद्यालय । हामी आयोजनाहरुलाई लामो समयसम्म कार्यान्वयन गर्ने, अलपत्र पार्ने भन्दा पनि थोरै आयोजना तर थोरै समयमा सम्पन्न गर्ने गरी प्राथमिकता निर्धारण गरेका छौं । हाम्रो नीति सकेसम्म योजना संघ, प्रदेशमा आयोजना माग गरेर स्थानीय बजेट बचाएर नपुगेको अवस्थामा स्थानीयले थप गर्ने हो ।

तेस्रो कुरा खानेपानी । अहिले हामी एनवासमार्फत खासस्व योजना निर्माण गरिरहेका छौं । खानेपानीमा त्यही योजना बमोजिम प्राथमिकीकरण गरी संघ तथा प्रदेश सरकारसमक्ष

## भूमे गाउँपालिका रुकुम (पूर्व) को आ.व. २०७९।०८० को तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई प्रतिवेदन

मितिः २०८०।१।२० स्थानः भूमे ६ महत

| क्र.सं. | प्रश्नकर्ता/गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | धनेन्द्र केसी<br>भूमे ६ तामारी | • तामारीदेखि खाम्दैसम्म बस्ने ग्रामीण वस्तीमा सडक स्तरोन्नति भएको छैन किन ?<br>• सामुदायिक स्वास्थ्य केन्द्र तामारी राख्ने भनेको किन अर्को ठाउँमा गयो ?<br>• २०७९।८० मा सडक विस्तार पनि भएन सास्ती भयो ।<br>• स्याला सूर्पामा बिजुलीको पोल र तार मात्र झारिएको छ । कहिले बाल्ने ? तामारीका जनता जनता होइनन् ?<br>• पिछडिएको वस्तीमा भोट माग्ने बेला जनताका आवश्यकता पूरा गर्छौं भन्ने ? अहिलेसम्म बिजुली खोइ ?<br>• शिक्षा क्षेत्र अलपत्र छ । शिक्षा प्रशासनले रिसालचौरको विद्यालय व्यवस्थापन गर्न गएको छैन । गर्न सकेको छैन । विद्यालय व्यवस्थापन समितिको दाबेदार म हुँ भन्दा हेडमास्टरले रिडाइरहेको छ ।<br>• दिवा खाजामा हामीले खोजतलास गर्न पाउने कि नपाउने ?<br>• मझौला कार्ययोजनाले उठलपुथल भएको छ। पालिकाबाट र वडाबाट ठूला ठूला कार्यक्रमहरु केन्द्रित कार्यक्रम ल्याउनुपर्छ ।<br>• साना कार्यक्रममा श्रमदान पुग्दैन, त्यसैले ठूला कार्यक्रम चाहिन्छ ।<br>• महत त-सुगम भयो । बिजुली बल्छ बल्छ भनेको खोइ त ? केन्द्रीय लाइन कहिले आउँछ ?<br>• खानेपानी सरसफाई सम्बन्धी योजना र बिजुलीबत्तीको योजना चाहिन्छ । हामीले दियालोले मोबाइल चार्ज गर्ने ?<br>• कमिरे मुहान खानेपानी वडा नं ७ बाट आउनुपर्नेमा ६ नं मा अहिलेसम्म | सन्तोष घर्ती | • सडक निर्माणतर्फ गाउँपालिकाले हेर्ने भन्दा पनि धेरै जसो प्रदेशले हेरिरहेको छ। हामीले सहजीकरण गर्ने हो । |
| | | | उपेन्द्र यादव<br>सङ्गम रोका<br><br>होम प्रकाश श्रेष्ठ | • सामुदायिक स्वास्थ्य सेवा केन्द्र जनताको माग र आवश्यकताका आधारमा विस्तार भइरहेको छ ।<br>• विद्युत लाइन प्रसारण ६ नं र ७ मात्र नभएर गाउँपालिकाको समस्या हो । अस्तिभर्खर मात्र २ वर्षभित्र सम्पन्न गर्ने गरी इन्डियान कम्पनी र विद्युत प्राधिकरणसँगको छलफल भएको छ ।<br>• रिसालचौरमा विद्यालय व्यवस्थापन समिति गठन गर्दा दुवै वडाका प्रतिनिधिहरु पुगेका थियौं । दुवै वडासँगको समन्वयमा शिक्षा शाखाले अगाडि बढाउने निश्कर्षमा पुगेको हो । |

| | | | | |
|---|---|---|---|---|
| | | आइपुगेको छैन । अनुगमन समितिले के हेरिरहेको छ ? उपभोक्ता समितिले धारा र पाइप बनाएको छैन ।<br>• लाबाङ र तामारी जोडिने ढोते खोलाको बालुवा मुनपु टोलले बन्द गरेको छ। यो न्याय हो कि अन्याय हो ? जम्मा गरेको बालुवा अर्को टोलले पानी हालेर बगाइदियो। | | |
| २. | कमल बुढा<br>भूमे ६ महत | • भूमेको पहिचान र गौरवसँग जोडिएको भूमे गाउँपालिकास्तरीय रङ्गशाला र युद्ध स्मारिका योजना त भयो । यस्ता गौरवका आयोजनाहरुलाई अगाडि सम्पन्न गर्न जनप्रतिनिधिहरुमा बुझाइमा एकरुपता आवश्यक छ ।<br>• भूमे गाउँपालिकाले जोड दिनुपर्ने योजनाहरुको पहिचान र प्राथमिकता दिएर वडाको कार्यक्रममा जोड दिने हो।<br>• स्थानीय जनजीविकासँग जोडिएका सवालहरु धेरै छन् । स्वास्थ्य केन्द्र सबैलाई सेन्टर पर्ने कोशिस गरे पनि सकिएन ।<br>• महतदेखि तामारीसम्मको झोलुङ्गे पुल चाँडो सम्पन्न गर्न सकेमा आवागमन, सेवा प्रवाह र बजारीकरणमा सहयोग पुग्ने भएकाले यसको अवस्था के छ ?<br>• पूर्वाधारका विकास भएका छन् । अब मान्छे बनाउने विकास अब चाहिएको छ । निर्माणपछि संरक्षणको चासो हाम्रो समाजमा छैन । घरको आगन मात्र सफा गरे पनि गाउँ सफा हुन्छ। सरसफाई सम्बन्धी अभियान धेरै चलाइयो तर स्थानीयबासीको साथ पाइएको छैन ।<br>• गाउँपालिकामा दर्ता भएका सामाजिक संघसंस्थाहरुलाई सक्रिय बनाउन सके पनि धेरै परिवर्तन गर्न सकिन्छ । उपभोक्ता समितिहरुले कानून बमोजिम काम नगरेमा खारेज गर्ने व्यवस्था गरिनुपर्छ । त्यसो नगरेमा उपभोक्ता समिति ठेकेदार हुन्छ ।<br>• आमा समूह, वन समूह, किसान | होम प्रकाश श्रेष्ठ | • भूमे गाउँपालिकाका गौरवका योजनाहरुलाई रोकेर राख्ने चाहाना हाम्रो पनी छैन । तर पछिल्लो समय नेपाल सरकारको ढुकुटिमा नै कमि तरलता देखिएको कारण गाउँपालिकासम्म त्यसको प्रभाव परिहाल्छ त्यसकारणले संघ र प्रदेश सरकारबाटै आउने बजेटमा घट्दै आउदा समयमा निर्माण हुन सकेन अव महतको रंगशाला लगाएत् गोरवका आयोजनालाई धेरै लामो समयसम्म नलगेर गाउँपालिकाले जतिसक्दो छिटो काम अगाडि बढाउने छ । यस्ता |

| | | | | |
|---|---|---|---|---|
| | | समूहसँगै खरदरी समितिलाई व्यवस्थित गर्ने, नियमन गर्ने नीति ल्याउन आवश्यक छ।<br>• महतमा संघ र गाउँपालिकाबाट एक घर एक खानेपानी कार्यक्रमम चलिरहेको छ। मुहानको टयाङ्की बनाउदा युद्ध फिचरको १० मि अग्लो बनाएर थुम्कामा पानी पुग्दैन । त्यसमा ख्याल पुऱ्याउनैपर्छ ।<br>• सहीद मार्गको प्रगति अवस्था के छ ?<br>• एनटीसी टावर त बन्यो तर त्यतिबेलाका मजदुर, होटल र पसल व्यवसायीहरुको भुक्तानी भएको छैन । यसलाई कसरी पहल गर्न सकिन्छ ? | | आयोजनाहरु धेरै छन जस्तै महतदेखि तामारिसम्म जोड्ने झोलुंगे पुल, स्वास्थ्य चौकि खानेपानी इत्यादि योजनाहरुको लागि पनी थप बजेट बिनियोजन गर्ने र चलिसकेको योजनालाई नियगमन गरी ताकेता गर्ने छौ । |
| ३. | रुपधन कामी भूमे ७ गुनाम | • सामाजिक सुरक्षा भत्ता वडामा नगद वितरण गर्ने सुझाव किन कार्यान्वियन भएन ? वडाका कर्मचारीलाई अख्तियारी दिँदा उपयुक्त हुन्छ।<br>• शिक्षामा दलित बालबालिकालाई आउने छात्रवृत्ति किन रोकियो ? शिक्षा शाखा प्रमुखलाई सम्झाइरहे पनि लागू किन भएन ?<br>• कक्षा १ देखि १२ सम्म निःशुल्क शिक्षा किन लागू भएन ? अझै विद्यालयले शुल्क लगाइरहेका छन् ।<br>• कृषिमा कुन भूगोलमा के सागसब्जी हुन्छ माटो परीक्षण गरेर मात्र कार्यक्रम गर्न आवश्यक छ।<br>• पशुपंक्षीतर्फ गाईभैंसीलाई सुइ लगाउने मात्र होइन कहाँ के कति कारणले पशु मरिरहेका छन् भन्ने खोजी हुनुपर्छ ।<br>• अध्यक्ष र उपाध्यक्ष बीचको विवाद के हो? बीचको विवाद मिलाउने जिम्मा अध्यक्षको होला। त्यसको असर जनतामा पर्नुभएन।<br>• खाबाङ महत सडक पूर्वाधारतर्फ सडक निर्माणमा माटो फाल्दै हिँड्दै गरेको छ। त्यो भन्दा पहिलै ठीक थियो । सडक विस्तारको मापदण्ड के हो ?<br>• समिति दर्ता प्रक्रियाले विविधता | चन्द्रसिंह श्रेष्ठ<br>नारायण वली<br>शिखर विश्वकर्मा<br>सन्तोष घर्ती | • रोग परीक्षण गर्दा एकीकृत पशुपंक्षी कार्यालयको सहयोगमा गर्नुपर्ने हुन्छ । हामीले सूचना मात्र पठाउने हो। नमूना संकलनका लागि अनुरोध गरेर पठाउनुपर्ने हुन्छ।<br>• कृषिमा काम गर्दा नार्कबाट अनुसन्धान र सिफारिस गरिएका बालीको बीउ मात्र वितरण हुन्छ र त्यो नपाइएमा स्थानीय परम्परागत बाली मात्र वितरण गरिन्छ।<br>• माटो परीक्षण गर्नका लागि गाउँपालिकास्तरमा सामग्री आइसकेको छ । अब ल्याब स्थापना गर्छौं । यो भन्दा पहिला खजुराबाट सेवा लिनुपर्ने थियो ।<br>• सडक निर्माणतर्फ गाउँपालिकाले हेर्ने भन्दा पनि धेरै जसो प्रदेशले हेरिरहेको छ । हामीले सहजीकरण गर्ने हो ।<br>• लाभग्राही रहेको क्षेत्रको |

| | | | |
|---|---|---|---|
| २ | एम्बुलेन्स सेवा विस्तार गरिनेछ । | गाउँपालिकामा दुई वटा एम्बुलेन्स सञ्चालनमा रहेको | |
| ३ | सबै वडामा वडा कार्यालयबाटै सेवा प्रवाहको सुनिश्चितता गरिनेछ । | सबै वडा कार्यालयबाट सेवा प्रवाह नियमित भइरहेको | |
| ४ | उपभोक्ता समितिबाट हुने विकास निर्माण कार्यलाई थप प्रभावकारी बनाइनेछ । | उपभोक्ता सममिति वा लाभग्राहीमार्फत सार्वजनिक निर्माण गराउने कार्य सम्बन्धी कार्यविधि, २०७९ जारी भइ कार्यान्वयनमा रहेको | |

सेवा प्रवाहको विषयमा कहाँनेर के समस्या छन् ? प्रमुख प्रशासकीय अधिकृतमार्पत विषयगत शाखाले अर्को सार्वजनिक सुनुवाईसम्म व्यवस्थित भइसक्नेछ । अर्को विषय रेडियोको विषयमा बोर्ड अध्यक्षको हैसियतले पनि प्रभात सरसँग छलफल गरेर चुनबाङमा रेडियो नसुनिने विषयमा समाधान गर्ने कोशिस गर्नेछु ।

**प्रतिवेदन दिएको मितिः** २०८० साल बैशाख २३ गते

सार्वजनिक सुनुवाई संयोजकको दस्तखतः

- उपभोक्ताको नाममा ठेकदारजस्तो लापरबाही भयो भन्ने विषय प्रवृत्ति भन्दा पनि व्यक्तिमा समस्या हुनसक्छ । ६ नं वडाको हकमा टोल क्षेत्र अनुसार अनुगमन संयोजकको जिम्मेवारी तोकिएको छ । उहाँहरुले विशेष निगरानी गर्नुहुन्छ ।
- तामारीको संघीय खानेपानी हो । तामारीमै एक अर्कामा नमिलेकाले विगतका कोषको कुराको विषयले पनि अलमल परेको हुनुपर्छ । एकले अर्कालाई गुनासो मात्र गर्नाले हामी आफै पछि परेका छौं । अलि रचनात्मक र छाती चौडा हुनुपर्छ ।
- सुविन बुढा
- YDC कार्यावधि सकिएकाले अहिले रिक्त छ । अब लगत्तै YDC गठन गर्दैछ । गठन भयो भने यसले पक्कै पनि प्रभावकारी भूमिका खेल्न सक्छ ।
- आर्जु नेपाली
- शिक्षा क्षेत्रमा केही लगानी भएमा गर्छु भन्नु भएको छ । प्रमुख प्रशासकीय अधिकृतज्यूबाट थप स्पष्ट हुनेछ ।

<u>प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रसिंह श्रेष्ठ</u>

- उठेका प्रश्णहरुको जवाफमा धेरै कुरा आइसकेको छ।

<u>गाउँपालिका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठ</u>

| क्र.सं. | प्रतिवद्धता | प्रगतिको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | अन्य कार्यालय/निकायको योजना कार्यान्वयन र भूमिकाको विषयमा उठेका विषयमा समन्वय र अनुरोध गरी पठाउने | निर्यामित रुपमा गर्दै आएको | |
| २ | मानव संसाधनका बिकासहरुमा जोड दिने | बिभिन्न परियोजनासंगको समन्वय तथा गाउँपालिका र वडाभित्रबाट हुने लक्षित वर्गका कार्यक्रमहरुबाट लाभान्वित गरिहरहेको | |
| ३ | सडक सञ्जालमा बृद्धि गर्दा दिगो व्यवस्थापन कार्यको अध्यन गरी योजना अगाडि बढाउने | हालसम्म सबै बस्तिहरु लाभान्वित हुनेगरी सडकको पहुँच पुर्याइएको र हालसम्म पनी कार्यन्वयन गर्नका लागि बजेट बिनियोजन गरेको | |
| ४ | हरेका कामकाज गर्दा नागरिकहरुको सल्लाह, सुझाव र आवस्यकताको आधारमा गर्ने | सुचचा अधिकारी मार्फत पनी सुचना जानकारी गरी प्राविधिक प्रकृया, पेटिका मार्फत पनी निरन्तर सुझाव लिई नागरिक अभिमत कार्यक्रम समेत सञ्चालनमा ल्याइएको | |

<u>अघिल्लो सार्वजनिक सुनुवाई कार्यक्रमका प्रतिवद्धता र कार्यान्वयनको अवस्था</u>

| क्र.सं. | प्रतिवद्धता गरिएको विषय | प्रगतिको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | कार्यालयबाट भएको सेवाको अवस्था नियमित समीक्षा गरिनेछ । | कार्यपालिकाको मासिक बैठकमा सेवा प्रवाहको समीक्षा नियमित रुपमा गरिएको | |

७ नं वडा अध्यक्ष श्री सङ्गम रोका

- वडाअध्यक्षको जिम्मेवारी निर्वाह गर्दै गर्दा यहाँ उठेका जवाफ दिनु मेरो कर्तव्य र अवसर पनि हो ।
- विद्युत लाइन प्रसारण ६ नं र ७ मात्र नभएर गाउँपालिकाको समस्या हो । अस्तिभर्खर मात्र २ वर्षभित्र सम्पन्न गर्ने गरी इन्डियान कम्पनी र विद्युत प्राधिकरणसँगको छलफल भएको छ ।
- रिसालचौरमा विद्यालय व्यवस्थापन समिति गठन गर्दा दुवै वडाका प्रतिनिधिहरु पुगेका थियौं । दुवै वडासँगको समन्वयमा शिक्षा शाखाले अगाडि बढाउने निश्कर्षमा पुगेको हो ।
- खानेपानीको विषयमा डाङरीबाङ, रिसाल चौरको योजना स्थायी प्रकृतिको छैन । हुन त संघीय सरकारबाट कार्यान्यवयन हुने योजना हो । त्यसमा हामी स्थानीयबासीको पनि त्यत्तिकै भूमिका रहन्छ । गाउँपापलिकाबाट आवश्यक पहल हुने नै छ ।
- (थमन) थबाङ खोलामा करेन्ट राखेर माछा मारिएको कुरा ७ नं ले केही बोलेन भन्नु भयो । ७ नं वडामा पहिले नै बन्द रहेको कुरा हो । अहिले पनि यूवाहरुको टिम बनाएर परिचालन गरी त्यस्तो काम पाइएमा सामान सहित जफत गरी कानूनी प्रक्रिया अगाडि बढाउने गरी तयारी गरेको छु। तर थबाङबाट केही साथीहरु आएको गुनासो आएको छ। महतबासी थबाङबासीबाट वा जो कोहीबाट त्यसो गरिरहेको अवस्थामा भेटिएमा कानून बमोजिम कारबाही हुनेछ।
- विपन्न वर्गको सेवा सुविधाको विषयमा लक्षित वर्गको सीमित बजेट भएकाले गाउँपालिकाबाट तोकिएको शर्तभित्र रहेर बजेट विनियोजन गर्नुपर्ने हुन्छ। सोही अनुरुप लक्षित बजेट विनियोजन र कार्यान्वयन हुन्छ। अघिल्ला जनप्रतिनिधिहरुले समाउनुभएको बाटो हामीले पनि समाएका छौं सम्हालेका छौं । कहींकतै छुटेको विग्रेको छ भने वडामा जानकारी आएमा सुधारका लागि तयार छौं ।
- योजना अनुगमन (गोपन पुन) गोठबाङ सिंचाई आयोजना पाइपको विषयमा कुरा गर्दा गत वर्ष आसा परियोजनामार्फत सञ्चालित योजना हो ।
- मुनपुको साथीहरुले बालुवा बगाइदिएको विषयमा सत्यतथ्य खोजी गरेर छलफल गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

६ नं वडा अध्यक्ष श्री विक्रम बुढा

धनेन्द्र केसी

- स्वास्थ्य केन्द्र एक ठाउँ बनाउदा अर्को ठाउँ छुट्ने भएकाले सहमतिमा
- रिसालको विव्यस गठनमा शिक्षा शाखामा सूचना पुऱ्याउनु भनेको थिएँ । पहिलो कुरा त विद्यालयको प्रअ र विद्यालय व्यवस्थापन शाखाले जानकारी पठाएमा गठन हुन्छ भने जानकारी प्राप्त भएको छ ।
- विद्युत विस्तारका लागि वडा र पालिका सबै तहबाट पहल भइरहेको छ । गाउँपालिकाका सबै गाउँ टोलसम्म नछुटुन् भन्नका लागि पहल छलफल भइरहेको छ । सबै सदस्यहरुलाई तथ्याङ्क लिनका लागि पठाइएको छ । त्यसमा तपाइहरुले पनि सहयोग गर्नुपर्छ ।
- रामधन सुनार
- दलित जनप्रतिनिधि कार्यपालिका सदस्यको विषयमा उहाँले आफै राजीनामा नदिएसम्म पद खाली रहन्छ र पदपूर्ति पनि हुन सक्दैन । सम्पर्क गर्न खोज्दा फोन व्यस्त भएपछि केही गर्न सकिएन।
- ताराप्रसाद
- लुकुमखोलादेखि कोइचासम्म खानेपानी लिने विषयमा पञ्चासे र रुजिखोलाले वार्षिक ४/५ लाख कोषमा जम्मा गरिदिनुपर्ने शर्त राखेकाले अगाडि बढ्न नसकिएको हो । यो विषयमा छलफलकै विषय छ ।
- कमल बुढा

| | | | | |
|---|---|---|---|---|
| | | दिएको छ भनेर प्रश्न गर्छन् । गाउँ सफा गर्ने बेला पनि आमा समूहको काम हो भन्दिन्छन् ।<br>• बजेट आउँछ, अनुदान आउँछ एउटालाई दिँदा आयस्रोत त होला तर बेरोजगारलाई त पुग्दैन । आर्थिक अवस्था कमजोर भएकोलाई नै माथि उठाउने हो।<br>• २२/२३ हजार खोर बनाउन खर्च भएको छ। खोप लगाउनुपर्ने रहेछ। कहाँ लगाउने भन्ने थाहा नभएमा कुखुरा मरेपछि घाटा हुन्छ । केही भन्नुभएन। | | |
| १४. | काफिया बुढा भूमे ६ (अरुको माध्यमबाट) | • कक्षा १२ त पास गर्नुभयो । अपाङ्गलाई सहुलियत सेवा सुविधा पाइएन । सीपमूलक तालिममा सहभागी हुन पाए आत्मनिर्भर हुन पाइन्थ्यो कि ?<br>• शारीरिकताका कारण जीवनयापन गर्ने खालका सहुलियत अवसर हुन्थ्यो कि ? | चन्द्रसिंह श्रेष्ठ | • हामीले बर्गिकरणका परेका अपांगहरुलाई सरकारले प्रदत्त गरेको सेवा सुविधामा निरन्तता नै दिएका छौ । काम गर्न सक्ने अपांगहरुको लागि केहि कार्यक्रमबाट पनी लाभान्वित गर्न सकिन्छ । |
| १५. | जोखन बुढा भूमेम ६ | • कृषिले रेडियोमा ५ प्रकारका बिउ बिजन त भन्नुभयो। सबैसँग रेडियो हुन्न। सबैलाई छर्लङ्ग पारिदिनुभए आभारी हुने थियौं। | शिखर विश्वकर्मा | • मौरी घार, मकै बीउ, तरकारी किट ६ (सिमी, रायो धनिया मूला भान्टा र रामतोरिया) वितरण भएको छ। बजेट कम भएकाले वडामा १०० प्याकेट मात्र पठाउनुपर्ने भयो । |
| १६. | आर्जु परियार भूमे ६ (तनहुँमा SM पढ्दै) | • Micro Level बाट होइन Macro Level बाट हेर्नुपर्छ।<br>• विद्यार्थी परिवर्तन गर्न शिक्षक परिवर्तन गर्नुपर्छ। आमाबाबु परिवर्तन गर्नुपर्छ।<br>• सफलता सानो सानो अनुशासनबाट सुरु हुन्छ। विद्यार्थीमा सिर्जनशीलताको विकास गरेपछि मात्र गुणस्तर आउँछ।<br>• Bio, psycho, env तहबाट विद्यालय शिक्षा सुधार गर्नुपर्छ।<br>• म समाजमा विचार परिवर्तन सम्बन्धी तालि सञ्चालन गर्न सक्छु त्यसको लागि गाउपालिकाबाट सहयोग चाहिन्छ। | चन्द्रसिंह श्रेष्ठ | • स्थानिय रुपमा जनशक्ति उत्पादन हुने कुरा स्थानिय सरकारकै गौरवको कुरा हो । आर्जु परियार जि ले शिक्षामा शिर्जनसिल कुरा ल्याएर सुधार गर्ने कुरा सकारात्मक रहेको छ । उहाँसंग गाउँपालिकाको टिमले लामो समय सुझाव लिएर क्षमता पहिचान गरी जनशक्तिको रुपमा परिचालन गर्न सकिन्छ। |

| | | | | |
|---|---|---|---|---|
| | | कार्ययोजना, कायक्रम पनि हामीले चासो गर्नुपर्छ। गाउँपालिकाले पनि योजना बनाउनुपर्छ।<br>• यूवाहरुलाई प्रोपोजल माग गरेर सक्नेलाई काममा लगाउने र नसक्नेलाई बाटो लगाउनुपर्छ। यूवाहरुमा आत्मविश्वास नै छैन। परीक्षामा पास हुने कि नहुने ढुक्क छैन।<br>• विद्यालयमा विषयगत शिक्षक छैन। एउटा विषयको शिक्षकले अर्को विषय चलाउँछ। अर्थशास्त्र भनेको के हो भन्ने थाहा छैन। अनिवार्य छ रे। गाउँपालिकाको मनिटरिङ राम्रो हुनुपर्छ।<br>• १० वटा २० वटा चल्ला अनुदान बाँडेर परिवारको आयस्रोत बढ्छ त ? फर्मको रुपमा विकास भएको खोइ ? अनुदानमा श्रम मात्र खर्च भएको छ । ग्राउण्ड लेभलबाटै विकास गर्न आवश्यक छ।<br>• तल्लो तहबाटै व्यक्तिकै क्षमता विकास गर्ने खालको कार्यक्र र अभियान पनि आवश्यक छ।<br>• कार्यालयमा सूचना अधिकारी हुन्छ कि हुन्न ? प्रत्येक फाँटमा हुन्छ कि हुन्न ? हरेक फाँटमा भए अझ सहज हुने थियो। | | सरकारले अनुदान दिन्छ । गाउँपालिकाले सानो, प्रदेशले अलि ठूलो र संघ सरकारले पकेट जोनको बजेट दिन्छ।<br>• गाउँपालिकाले आवश्यकता पूरा गर्ने खालको साना साना अनुदान र खोर निर्माणको अनुदान दिन्छ ।<br>• हरेक कार्यालयमा सुशासन प्रवर्द्धनका लागि सूचना अधिकारी तोकिएको हुन्छ । तर हरेक शाखामा सूचना अधिकारी तोक्ने व्यवस्था सम्भावना हुँदैन । |
| १३. | विष्णु नेपाली भूमे ६ | • शिक्षाः १२ सम्म दलित विद्यार्थीलाई केही फि नलाग्नुपर्नेमा हाम्रो विद्यालयमा परीक्षा फिस लिइरहेका छन् । १२ पास गर्न नसकेका विद्यार्थीहरु जाँडरक्सीमा हराएका छन् । अभिभावकको आर्थिक अवस्था कमजोर भएकाले पढाउन सकेका छैनन् ।<br>• विपन्न परिवारलाई विद्यालयमा ड्रेस किन आंएन ? बजेट आउँछ समिति हुन्छ तर समितिमा नभएका व्यक्तिले बाहिरका मान्छेलाई काम गर्न दिन्नन् । बेरोजगारीले आर्थिक अवस्था कमजोर हुँदा छोराछोरी ताँसजुवा खेल्न सिक्छन् ।<br>• आमा समूहले के गर्छ र कसले जागरि | नारायण वली | • कुखुराको खोप ० दिन ३ दिन र ७ दिन १४ दिन र २८ दिनमा लगाउनुपर्छ । आफैले किन्नुपर्ने हुन्छ । खोप तापक्रम मिलाएर राख्नुपर्ने भएकाले हामीसँग हुँदैन ।<br>• कुखुरा वितरण गर्दा एकीकृत कृषि पशुपंक्षी कार्यालयबाट ५ दिने तालिममा केही कुरा सिकायो होला केही कुरा थाहा नभएमा नजिकै प्राविधिक हुनुहुन्छ सोध्न सक्नुहुन्छ । |

| | | | | |
|---|---|---|---|---|
| | | पनि ल्याइदिनुपर्‍यो । र त्यहाँ स्याउ रोप्ने योजना हुनुपर्छ।<br>• दुम्सीले रोपेको आलु मकै खाइदिन्छ। बालीनाली केही पनि राख्दिएन। | | प्राथामिकताका साथ हेरेको छ। |
| ११. | रामधन सुनार भूमे ६ महत | • गाउँघरमा गाडी मोटर बाटो खुलेका छन्। तर खाबाङबगरदेखि चुनबाङसम्म सडक मर्मत पीच तत्काल गरिदिनुपर्छ ।<br>• दलितबाट प्रतिनिधित्व गर्ने सदस्य भिमला विक अनुपस्थित हुनुहुन्छ। बैठक पनि बसेको छैन । हामीलाई केही पनि थाहा छैन । उहाँको कार्यकाल के हुन्छ ? किन छलफल भएन ? उहाँको सट्टामा के हुन्छ ? भत्ता दिइराख्ने हो कि खारेज गर्ने? अरुलाई राख्न पाइन्छ कि पाईंदैन ।<br>• पाउने सेवा सुविधा कसलाई कसरी दिलाइदिनुहुन्छ ?<br>• युद्धका बेला महतमा रगतको भेल बग्यो। युद्ध स्मारिकालाई राम्रो बनाइदिनुपर्‍यो । रङ्गशाला मर्मत गरिदिनुपर्‍यो ।<br>• महत गाउँको स्कुलमा हाम्रो बालबालिका पढिरहेका छन्। शिक्षक राख्दा दलित कोटामा स्थानीय बासिन्दा नै राख्नुपर्छ अरु राख्न पाईंदैन । | होम प्रकाश श्रेष्ठ र चन्द्रसिंह श्रेष्ठ | • सडकको पहुँच बिस्तार गरेसंगै त्यसको स्तरउन्नती गर्न अपरिहार्य हुन्छ। त्यसका लागि स्थानिय सरकारको मात्र नभई प्रदेश र संघ सरकारको पनी दायित्व रहने हुँदा समन्वय सहकार्य भैरहेको छ।<br>• कार्यपालिका सदस्य भिमकला बिक अनुपस्थित भएको कुरामा गाउँपालिकाको ध्यान गम्भिर भएको छ । तैपनी यसै बिचमा उहाँको ठाउँमा पदपूर्ती गर्नका लागि कानुनी दायरा भएकाले गर्न सकिदैन यसको समाधानको उपाए खोजिरहेको छौ । आशावादी हुनुस समाधान छिटै हुन्छ।<br>• रंगशालाका लागि थप कार्य गर्नका लागि कर्मागत रुपमा छिटै सम्पन्न गर्नका लागि गाउँपालिकाले आगामि बजेटमा बढवा दिने छ।<br>• युद्ध स्मारिकालाई थप व्यवस्थित गर्नका लागि आगामि दिनका बजेटमा हेरिनेछ।<br>• बिद्यालयमा सुधार गर्नका लागि शिक्षा शाखाबाट थप नियमन गरिनेछ। |
| १२. | सविन बुढा भूमे ६ | • हामी सेवा लिन जाँदा कहिले फोनको टावर जान्छ, कहिले इन्टरनेट हुन्न । त्यसमा अप टु डेट हुनुपर्छ । त्यसको ब्याकअप राख्दिनुपर्ने हुन्छ ।<br>• यूवा स्वरोजगारको कार्यक्रम पालिकामा मात्र हुन्छ । वडासम्म आइ नपुग्नुमा हामीले नबुझेको हो कि ? केही गर्न खोज्ने मान्छेलाई पालिकाले सहयोग गर्न सक्ने सहयोग योजना के हुन्छ ?<br>• यूवाहरुले उत्पादन गर्ने भन्दा पनि जागिरे हुन खोज्ने, विदेश जान मात्र खोज्ने भएकाले बिग्रेको छ । YDC को | नारायण वली प्रेम प्रसाद भट्टराई | • केही खोपहरु समूहमा र केही खोपहरु घर घरमै गएर सेवा दिएका छौं ।<br>• कुखुरा वितरण गर्दा सीमित बजेट हुन्छ। गाउँपालिकाभरिका किसाहरुलाई सम्बोधन गर्नुपर्दा सानो सानो रकम बाँड्नुपर्ने अवस्था हुन्छ । कृषि क्षेत्र तीन वटै तहको साझा क्षेत्र भएकाले संघ, प्रदेश सरकार र स्थानीय |

| | | | | |
|---|---|---|---|---|
| | | गाउँपालिकाले सफलता प्राप्त गर्ने थियो।<br>• स्रोतको पहिचान र साधनको प्रयोग गरेमा सबै युवाहरु स्वरोजगार हुने योजना ल्याउनुपर्छ । आर्थिक विकास गर्ने योजना ल्याउनुपर्छ । | | |
| ९. | कमल बुढा<br>भूमे ६ | • गाउपालिकाबाट भवन निर्माण मापदण्ड बनाउने कुरा आएको थियो तर अहिले सम्म आएन । महत आधुनिकता बन्ने भूत सवार हुँदा मौलिकता बिग्रन थालेको छ। नीतिगत जोड आवश्यक छ।<br>• सबै वडा सबै चिजको लागि उपयुक्त छैन। जहाँ जे कुराको सम्भावना छ । जे कुरामा उपयुक्त र नमूनायुक्त हुन् सक्छ त्यही अनुसार गराउन आवश्यक छ।<br>• खोलानाला, सम्पदाको संरक्षण, जगेर्ना गर्ने सवालमा आय आर्जनको सम्भावना देखिएको छैन। ६ नं वडाले करेन्ट लगाएर माछा मार्न नपाइने सूचना निकाल्दा अरु वडा र गाउँपालिका किन चुप लाग्यो ?<br>• आर्थिक वर्ष सकिएपछि अडिट गर्दा बेरुजु देखिने भएकाले उपभोक्ता समितिको कागजात नपुगेकाले यो सम्बन्धी अभिमुखीकरण चलाउनुपर्छ कि ?<br>• अनुदानको विषयमा पनि सोचिनुपर्ने आवश्यक छ ।<br>• विभिन्न संघसंस्थाहरुले वडा र पालिकासँग समन्वय नगरेर कार्यान्वयन गर्दा अस्तव्यस्त हुने, अधुरा हुने, अलपत्र पर्ने समस्या देखिएका छन् । त्यसलाई कसरी हल गर्न सकिन्छ ?<br>• कृषिमा टनेल अनुदान कता गयो ? नियमन आवश्यक छ।<br>• | सन्तोष घर्ती | • भूमे गाउँपालिकामा वस्तीहरुको मौलिकता जगेर्ना गर्न क्रमशः प्रयासमा छौं। अहिले सडक गुरुयोजना बनिरहेको छ। त्यसपछि भवन संहिता र मापदण्ड बन्छ। |
| १०. | ताराप्रसाद रोका<br>भूमे ६ | • जन्म रोल्पा थबाङ र बसाइ महत हो। कोइचामा पानी ल्याउन लुकुमबाट ल्याएन दिएन। नमङ्जाबाट कोइचासम्म पानी र कोइचासम्म रोड | होम प्रकाश श्रेष्ठ | • भूमेका ६ र ७ नम्वर वडाका अध्यक्षहरुसंग समन्वय गरिरहेका छौ यसको प्रयास गाउँपालिकाले |

| | | | | |
|---|---|---|---|---|
| | | पदाधिकारीहरुले आफ्नो घरमा गएर राखेका छन् । | | • योजना प्रभावकारी बनाउने दायित्व सबैको भएकाले अनुगमन तथा मूल्याङ्कनमा सबैको सहयोग र साथ चाहिन्छ। |
| ७. | भिम प्रसाद बुढा भूमे ६ महत (नेकपा एमाले) | • महत स्वास्थ्य चौकीमा साढा एक्सरे भए जनतालाई सहज हुन्थ्यो ।<br>• ६ नं वडाको बिजुली कहिले पुग्छ बाँकी टोलमा ?<br>• विकासको सवालमा सबैलाई सन्तुलन गरेर जानुपर्छ। कसैलाई काख कसैलाई पाख बनाउन पाइँदैन ।<br>• सुरुमा गाउँपालिका महतमा आउने सुरसार थियो । भागबण्डा भएर खाबाङतिर पुग्यो । | उपेन्द्र यादव | • जनताको माग अनुसार क्रमिक बढ्ने हो । भूमे गाउँपालिकामा डाक्टर, ल्याब, एक्सरे सेवा सुरु भएको छ। क्रमिक रुपमा बढेको छ। |
| ८. | सुवर्ण सुनार भूमे ६ महत | • स्थानीय तहको संरचना हुँदै गर्दा सुरुमा जिल्लामा पुथा र सिस्नेभन्दा पीर लागेको थियो तर अहिले गर्व छ।<br>• सेवा प्रवाहका सन्दर्भमा योजनाको काम गर्दा वडा कार्यालय र गाउँपालिकाबाट छिटो सेवा पाइन्छ ।<br>• योजना र विकासको सम्बन्धमा यो भेगमा कृषिमा अनुदान अलि छरिएर गएको छ । व्यावसायिक हुन सकेको छैन । सबै कृषकलाई बाँड्दा न बढ्न सक्छ न त खुशी हुन्छ । त्यसैले अनुदान दिँदा प्राथमिकता निर्धारण गरेर ठूलो भोलुममा दिन सकियो भने प्रतिफल पनि आउँछ र प्रभावकारिता पनि हुन्छ ।<br>• आगामी दिनमा नयाँ सोंच र नयाँ खोज सहित आर्थिक, शैक्षिक र अन्य विकासमा अगाडि बढाउने खालको योजना सहित जान आवश्यक छ।<br>• चुनावका बेलामा गरिएका प्रतिवद्वता सबैलाई रोजगारी दिने त भन्नुभएको थियो। भूमे गाउँपालिकाभरिमा कति अपाङ्गता भएका व्यक्ति छन् त्यो संकलन गर्नुपर्‍यो । युवाहरु के कस्तो योग्यता क्षमता छ फर्म तयार गरेर डाटा संकलन गर्नुपर्‍यो । त्यही अनुसारको कार्यक्रम ल्याएमा | शिखर विश्वकर्मा | • अनुदान ठूलो मात्रामा गर्दा एउटा मान्छे व्यावसायिक हुन्थ्यो । गाउँपालिकाको बजेट सानो हुन्छ । सानो सहयोगबाट किसानले केही गर्छ कि भनेर सानो अनुदान गाउँपालकाबाट हुन्छ । अलि ठूला अनुदान प्रदेश र संघ सरकारबाट आइरहेको हुन्छ । गाउँपालिकाले त्यसको सहजीकरण पनि गर्दछ। |

| | | | | |
|---|---|---|---|---|
| | | ल्यायो। समिति १५/२० जना मात्र हुँदा अरुको रोजगारीमा धक्का पुगेको छ। अनपढले अवसर पाएन। समितिले घमण्ड देखाउन थाले । | | आयोजना कार्यान्वयन गर्नका लागि उपभोक्ता समिति गठन र दर्ता गर्ने व्यवस्था भएको हो। |
| ४. | जनक रोका<br>भूमे ६ | • थबाङखोलामाम निर्माणाधीन सडक पुल पोहरको काम वर्षा बाढीले लग्यो । अहिले पनि काम भएको छैन । यसको पहल गाउँपालिकाले गरिदिनुपर्‍यो ।<br>• महत खाबाङ सडक पालिकाले नहेर्ने भए पनि पालिकाले विशेष पहल गरोस्।<br>• योजनाको काम गर्दा प्राविधिक लागत अनुमान अङ्ग्रेजीबाट हुन्छ। यसलाई नेपालीमा गर्न सकिन्छ कि ? अङ्ग्रेजी नबुझेर अन्धाधुन्ध भएको देखिन्छ ।<br>• कृषिः कृषिलाई आधुनिकीकरण गरेर आयआर्जन गर्ने पालिकाको नारा बमोजिम उत्पादित वस्तु बजार व्यवस्थापन भएन। लसुन अदुवा उत्पादन गरे पनि बजार खोज्न मारिङ सहकारीमा जाँदा स्टक भएकाले लिन मानेन । | | • हाम्रो उत्पादन थोरै छ। ढुवानीका कारण व्यापारीहरुले बजारीकरण गर्न मान्दैनन् । त्यसमा समस्या छ । |
| ५. | किसन पुन मगर<br>भूमे ७ लाबाङ | • कार्यक्रमको समय अलि बढी बनाउन पाए हुन्थ्यो । किन छोटो भयो ?<br>• विपन्न वर्गहरुलाई सहायता दिँदा वास्तविक विपन्न वर्गको पहुँच सुनिश्चित गर्न नसकेको जस्तो देखिन्छ । सेवा पाउन अलि गाह्रो भएको जस्तो देखिन्छ। वडाबाट जस्तापाता पाउनुपर्नेमा म भन्दा नसक्ने, पहुँच नपुग्नेहरुले नपाएको जस्तो लाग्यो। विपन्नहरुलाई सहयोग पुग्ने कार्यक्रम गाउँपालिकाले लिन्छ कि ? | चन्द्रसिंह श्रेष्ठ | • हामिले सार्वजनिक सुनुवाइको प्रकृया जस्तो हुन्छ त्यस्तै गर्ने हो आवस्यकताको आधारमा जनताको प्रश्णको जवाफ दिने कुरामा समय नै बाध्यकारी भने हुँदैन । बिपन्न वर्गलाई मापदण्ड अनुसार सेवामा कमि कतै भएको पाइएमा तत्काल उजुरी गर्नुस हामी नियन्त्रण र सुधार गर्न तयार छौ। |
| ६. | गोपिन पुन<br>भूमे ७ लाबाङ | • आयोजना कार्यान्वयनमा अनुगमनको प्रभावकारिता छैन । आयोजना सीमित अवधिभित्र काम सम्पन्न गरिसक्नुपर्ने हुन्छ। आयोजना अवधिमा कति पटक अनुगमन हुन्छ ?<br>• लाबाङको आसा परियोजनाबाट बनेको सिंचाई आयोजना अहिले पाइप अलपत्र छ। कता गयो ? समितिका | सन्तोष घर्ती<br>प्रेम प्रसाद भट्टराई | • अनुगमन आवश्यकतानुसार हुन्छ । सामान्यतः काम सुरु गर्नुभन्दा पहिला काम गर्दा र काम सम्पन्न भएपछि अनुगमन हुन्छ। वडा वडामा प्राविधिक कर्मचारी भएकाले नियमित अनुगमन र सहयोग गर्नुहुन्छ । |

भूमे गाउँपालिकाको सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालनका लागि भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र

कार्यक्रम सहजकर्ता श्री विक्रम परियार बीच भएको सम्झौता पत्र

यो सम्झौता मिति २०८० साल बैशाख १० गतेका दिन भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खाबाङबगर रुकुम (पूर्व) (यसपछि प्रथम पक्ष भनिएको) र सिस्ने गाउँपालिका वडा नं. ५ निवासी श्री विक्रम परियार (यसपछि द्वितीय पक्ष भनिने) बीच भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को तेस्रो त्रैमासिक अवधिको सार्वजनिक सुनुवाइ कार्यक्रमलाई निम्न अनुसार सहजीकरण गर्न सहमत भएका छन्:

१) यस सम्झौतामा प्रयोग भएका शब्द र कथनको अर्थ यो सम्झौतासँग सम्बन्धित करारका शर्तहरुले निर्दिष्ट गरे बमोजिम मात्र हुनेछ।

२) यो सम्झौता अवधि मिति २०७९।०१।१५ देखि २०८०।०१।२५ सम्म लागू हुनेछ ।

३) द्वितीय पक्षले प्रथम पक्षको आ.व. २०७९।०८० को तेस्रो त्रैमासिक अवधिसम्म सम्पादित वार्षिक विकास कार्यक्रम र सेवा प्रवाहका सम्बन्धमा सरोकारवालाहरुलाई सुसूचित गरी भूमे गाउँपालिका वडा नं. ९ चुनबाङमा मिति २०८० बैशाख १७ गते र भूमे गाउँपालिका वडा नं. ६ महतमा मिति २०८० बैशाख २० गतेका दिन सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

४) कार्यक्रम सम्पन्न भएको मितिले ५ (पाँच) दिनभित्र कार्यविधिमा तोकिएको ढाँचा बमोजिमका सूचनाहरु समेटेर प्रथम पक्षसमक्ष प्रतिवेदन गर्नुपर्नेछ ।

५) उक्त कार्यक्रमका लागि प्रथम पक्षकोतर्फबाट कार्यक्रम सञ्चालन तथा प्रतिवेदन तयारी, परिवहन खर्च समेत गरेर करकट्टी समेत रु. १२०००।- (बाह्र हजार मात्र) कार्यक्रम सम्पन्न भई प्रतिवेदन प्राप्त भएपछि दोस्रो पक्षलाई भुक्तान गर्नुपर्नेछ । उक्त रकममा १५ प्रतिशत पारिश्रमिक कर कट्टी हुनेछ ।

६) उक्त कार्यक्रममा सहभागीहरुलाई खाजा खर्च र अन्य मसलन्द खर्च प्रथम पक्षले नै व्यवस्थापन गर्नुपर्नेछ । द्वितीय पक्षले परिवहनको व्यवस्था आफै गर्नुपर्नेछ ।

७) यो सम्झौता भङ्ग गर्नुपरेमा दुवै पक्षले दुई दिन अगावै जानकारी गराउनुपर्नेछ ।

यो सम्झौतामा उल्लेख भएको मितिमा माथि नाम उल्लेख गरिएका पक्षहरु बीच प्रचलित कानून बमोजिम सम्झौता कार्यान्वयन गर्न द्विपक्षीय सम्झौता भएको छ ।

प्रथम पक्षकोतर्फबाट

हस्ताक्षरः

नाम, थरः चन्द्रसिंह श्रेष्ठ

पदः प्रमुख प्रशासकीय अधिकृत

कार्यालयः भूमे गाउँपालिका कार्यालय, रुकुम (पूर्व)

द्वितीय पक्षकोतर्फबाट

हस्ताक्षरः

नाम थरः विक्रम परियार

पद/पेशाः पत्रकार, सहजकर्ता

ठेगानाः सिस्ने गाउँपालिका, ५ रुकुम (पूर्व)

मितिः २०८० साल बैशाख १० गते आइतबार ।

भरपाई

भूमे गाउँपलिकाका

भूमे गाउँपालिका रुकुम (पूर्व) को आ.व. २०७९।०८० को तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई प्रतिवेदन

**मितिः २०८० बैशाख २४ गते**

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

**खाबाङबगर, रुकुम (पूर्व) ।**

विषयः भुक्तानी पाऊँ ।

प्रस्तुत विषयको सम्बन्धमा तहाँ कार्यालयको चालु आर्थिक २०७९।०८० को तेस्रो त्रैमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सहजीकरण वापत द्विपक्षीय सम्झौता बमोजिमको पारिश्रमिक तपसिलको बैंक खातामा उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु ।

तपसिल

**बैंकको नाम र शाखाः नेपाल बैंक लिमिटेड रुकुमकोट, रुकुम -पूर्व**

**बैंक खाता नं. १८९०१००६५८९७८७००००१**

**खातावालाको नामः बिक्रम परियार**

बिक्रम परियार

सिस्ने गाउँपालिका – ५, रुकुम (पूर्व)